# हिमाली गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः–२ संख्याः–११ मितिः–२०७५-०३-१४

## हिमाली गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**गाउँ सभाबाट स्वीकृत) मितिः-२०७५ असार १४, बिहिवार (धुलाचौर, बाजुरा**

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

# हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

**प्रस्तावनाः** हिमाली गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक ,निजी तथा व्यक्तगत सम्पत्ति , प्राकृतिक तथा सँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् न्यूनीकरण तथा व्यवस्थापनका सबै कियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यन्वयनका लागि कानून बनाउन वाञ्चनीय भएकाले ,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी हिमाली गाउँ सभाले यो ऐन बनाएको छ ।

**परिचछेद -१**

**प्रारम्भिक**

१. **सँक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(१) “अध्यक्ष” भन्नाले गाउँपालिको अध्यक्ष सम्झनु पर्छ ।

(२) “कोष” भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(३) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी , अनिकाल , डढेलो ,कीट वा सूक्ष्म जीवाणु आतङ्क , पशु तथा चरा चुरुङगीमा हुने फ्लू , प्यान्डामिक फ्लू , सर्पदंश, जनावर आतङ्क, खानी , हवाई , सडक , जल वा औद्योगिक दुर्घटना , आगलागी , विषक्त ग्याँस , रसायन वा विकीरण चुहावट , ग्याँस विष्फोटन , विषक्त खाद्य सेवन , वातावरणीय प्रदुषण , वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य यस्तै गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(४) “जिल्ला विपद् व्यवस्थापन समिति ” भन्नाले संघीय ऐनको दफा १६ बमोजिम बाजुरा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(५) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(६) "प्रदेश विपद् व्यवस्थापन समिति " भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. ७ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(७) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(८) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(९) "प्राकृतिक विपद्" भन्नाले हिमपाद , असिना , हिमपहिरो , हिमताल विस्फोटन, अतिवृष्टि , अनावृष्टि बाढी, पहिरो तथा भू-स्खलन , डुबान , खडेरी , आधी ,हुरी , बतास , शीतलहर, तातो हावाको लहर , चट्याङ्ग ,भूकम्प , ज्वालामूखी विस्फोट , डढेलो वा यस्तै अन्य प्राकृतिक कारणलले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(१०) "राष्ट्रिय कार्यकारी समिति" भन्नले संघीय ऐनको दफा ५ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(११) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद सम्झनु पर्छ ।

(१२) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(१३) "विपद्" भन्नाले कुनै स्थानमा आपत् कालीन अवस्था सिर्जना भई वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(१४) विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(१५) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङकन , विपद् रोकथापम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई काम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(१६) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निमार्ण एवम् पुनर्स्थापनासँग सम्बन्धीत कार्य सम्झनुपर्छ ।

(१७) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद्प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(१८) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण , विपद् प्रतिकार्य र विपद्प पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण कियाकलाप सम्झनुपर्छ ।

(१९) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना , सिनेमा घर सपिङग मल बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

(२०) "समिति" भन्नाले दफा ३ बमोजिमको गाउँ विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२१) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनुपर्छ ।

(२२) "संघीय मन्त्रालय " भन्नले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

(२३) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय , सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था , प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## गाउँ विपद् व्यवस्थापन समितिको गठन तथा काम,कर्तव्य र अधिकार

३. **गाउँ विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक गाउँ विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(१) गाउँपालिका अध्यक्ष -संयोजक

(२) गाउँपालिका उपाध्यक्ष -सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(४) विषयगत समितिका संयोजकहरु -सदस्य

(५) प्रतिनिधि , जिल्ला प्रशासन कार्यालय -सदस्य

(६) सामाजिक महाशाखा / शाखा प्रमुख -सदस्य

(७) पूर्वाधार विकास महाशाखा / शाखा प्रमुख -सदस्य

(८) हिमाली गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(९) हिमाली गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेको प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(१०) गाउँ प्रहरी प्रमुख -सदस्य

(११) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(१२) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१जना ) -सदस्य

(१३) निजी क्षेत्रको उद्योग वाणिन्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) -सदस्य

(१४) गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(१५) नेपाल पत्रकार महासंघ स्थानीय प्रतिनिधि (१ जना ) -सदस्य

(१६) विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको महाशाखा/शाखा प्रमुख -सदस्य

(३) उपदफा (२) मा नुसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ) (ट) (ठ) (ड) (ढ) र (ण) का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यस्थापन समितिको रुपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्था :** (१) संयोजकले तोकेको मिति , समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति , समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थिति भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्युक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनोछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम , कर्तव्य र अधिकार देहाय बकोजिम हुनेछ :

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद् बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यकम अनुरुप हुने गरी गाउँ विपद् व्यवस्थापन नीति तथा योाजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने ।



हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(ख) गाउँसभा बाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनीकरण विपद् प्रतिकार्य तथा विपद्पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने , गराउने ,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्नै गराउने ,

(घ) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने गराउने ,

(ङ) गाउँपालिकाका पदाधिकारी , कर्मचारी , स्वयंसेवक , सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ,

(च) विपद्का घटना हुनासाथ खोज , उद्धार र राहात लगायितका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वत: परिचालित हुनेगरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने , गराउने ,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रही सार्वजनिक , निजी , गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति । योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने ,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तगयार गरी कार्यान्वयन गर्ने , गराउने ,

(झ) सरकारी , निजी उवम् गैरसरकारी संस्था , स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने , गराउने ,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने , गराउने ,

(ठ) नदी किनारा , बगर , पहिरो जान सक्ने भिरालो जमिन र डुवान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्त ता समुदायलाई

हिमाली गाउँपालिकाको जोखिम न्यूनीकरण गर्न बनेको ऐन, २०७५

सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खाजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने ,

(ड) विपद स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहका अवरोध आइरहेमा सोको पुन:सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा ता कार्यन्वयन सम्बन्धी कार्य गर्ने , गराउने ,

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन , विपद्साग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथाप्रतिकार्य समिति गठन गर्ने ।

(ण) विद्यालय तहको शैक्षिक पाठयक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने ,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने ,गराउने ।

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने , गराउने ,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने ,

(प) विपद्मा परी हराएका , विग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने ,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान । स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने ,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला , बालबालिका , किशोरी, अपाङ्गता भएका व्यक्तउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा , बेचविखन तथा अन्य कनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ,

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन २०७५

(भ) विपद् प्रभावितहरुको प्रत्यक्ष र सकृय सहभागितामा विपद् प्रभाववित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना , रोजगारीका अवसरको सृजना तथा नीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने , गराउने ,

(म) विपद्को जोखिममा रहेका महिला , बालबालिका , जेष्ठ नागरिक , दलित , सीमान्कृत वर्ग तथा समुदाय , अशक्त तथा अपाङ्गता भएका व्यक्तहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने , गराउने ,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने ,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति , प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने , गराउने ,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने ,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार , प्रदेश सरकार वा गाउँसभाले तोकेका अन्य कार्य गर्ने , गराउने ,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने , गराउने ,

(ष) विभिन्न संघसंस्था , व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ,

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

## परिच्छेद-३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समिति :** (१) गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| १) वडा अध्यक्ष | -संयोजक |
| २) वडा सदस्यहरु | -सदस्य |
| ३) वडाभित्र रहेका विषयगत शाखा ईकाई कार्यलय प्रमुखहरु | -सदस्य |
| ४) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| ५) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| ६) स्थानीय रेडकस , | -सदस्य |
| ७) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम ज्यूनतम २ महिला सहित ४ जना | -सदस्य |
| ८) वडा सचिव | -सदस्य सचिव |

(३) उपदफा (२) बमोजिको समितिको बैठक सो समितिको संयोजकले सोको मिति ,समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति , समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनुपर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउने सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

(८) समितिको विर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाको प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निधारण गरे बमोजिम हुनेछ ।

११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समतिको काम, कर्तव्य र अधिार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँ विपद् व्यवस्थापन समितिमा सिफरिस गर्ने तथा सो समितिबाट स्वीकृत मिति तथा योजना अनुरुपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन , अनुगमन र पुनरावलोकन गर्ने ,

२) वडामा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्न सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ,

३) विपद् व्यावस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने ,

४) विपद् व्यवस्थापन योजना , आपत्कालिन कार्ययोजना , पुनःस्थापन तथा पुननिर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने , गराउने ,

५) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरुको गठन तथा त्यस्ता समूहहरुलाई परिचालन गर्ने गराउने ,

६ ) वडा सदस्यहरु , कर्मचारी ,स्वयंसेवक , सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य , नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस् था मिलाउने ,

७) स्थानीय समुदायलार्य विपदप्रति जागरुक बनाउने , विपद्संग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमागर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने ,

हिमाली गाउँपालिकाको जोखिम न्यूनीकरण गर्न बनेको ऐन, २०७५

८) विपद्का घटना हुनासाथ खोज , उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि समन्वय गर्ने ,

९) आपत् कालिन नमूना अभ्यास गर्ने , गराउने ,

१०) विपद्बाट प्रभावित घरपरिवारको पहिचान , स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने ,

११) विपद्को समयमा जोजिममा रहेका समूह विशेषगरी महिला , बालबालिका , किशोरी , अपाङ्गता भएका व्यक्तउपर हुन सक्ने घटना ( लैङ्गिक हिंसा , बेचविखन तथा अन्य कनै पनि किसिमका शोषण ) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यकम सञ्चालन गर्ने ,

१२) गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने , गराउने ,

## परिच्छेद -४

## सुरक्षा निकाय तथा अनय निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग समन्वय : (१)** गाउँकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरुलार्य सहयोग र समन्वय गर्नेछ ,

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराइनेछ ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ,

९. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार :**

(१) वारुणयन्त्र , एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालिन खोज , उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन २०७५

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयाग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१०. **सार्जजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :** (१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ ,

क) आफ्नो भवन , उद्योग , कार्यालय वा व्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद सुरक्षा औजार , उपकरण , सामग्री , आपत्कालीन निकास लगायत तोकिए बमोजिका अन्य व्यवस्था गर्ने ,

ख) तथ्याङ्क सङ्कलन , क्षतिको मूल्याङकन, राहत , पुनस्थापना तथा पुनर्स्थापना तथा पुननिर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने ,

ग) आफ्नो कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने ,

घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत सधनलाई तयारी हालतमा खान्ने ,

ङ) आफ्नो भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने ,

च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पऱ्याउने ,

छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने ,

ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अपनाउने ,

झ) विपद्को घटना तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ,

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन २०७५

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने :** गाउँपालका भित्रका सरकारी कार्यलय , गैरसरकारी संस्था , स्थानीय सङ्घ संस्था , समुदाय , स्वयंसेवक , नागरिक समाज , निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नुपर्नेछ ।

क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङकन , राहत , पुनर्स्थापना तथा पुन:र्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने ,

ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ,

ग) क्षमता विकास ,आपत कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने ,

घ) खोज , उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ,

## परिच्छेद-५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२.**विपद् व्यवस्थापन कोषः** (१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् ,

क) गाउँपालकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्नेगरी स्वीकृत रकम ,

ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ,

ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ,

घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान , दातव्य वा उपहार स्वरुप प्राप्त रकम ,

ङ) अन्य कनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि वखर्च गरिने छैन ।

७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद -६

## कसूर तथा सजाय

**१३. कसूर र सजाय :**कसैले विपद्को घटना घट्न सक्नेगरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्षा संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई फाईदा पुग्ने किसिमको कनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कनै काम गरेमा तत् सम्बन्धी कारबाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :** (१) नेपाल सरकारले गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् संङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति , संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

१५. **नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्ने :** (१) विपद् बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृत लिएको छ छैन भनी गाँउ कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय :** (१) गाउँपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति , प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तराष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँ कार्यपालिकाको दायित्व हुनेछ ।

१७. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने : (१)** विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद् बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धीव्यवस्था बमोजिम गाउँ कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज , उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल , अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तको खाद्यान्न , लत्ताकपडा , औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाउँपालकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन, २०७५

उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय , संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. **राहतको न्यूनतम् मापदण्ड सम्बन्धी व्यवस्था :** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाउँपालकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बर्नाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२)बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ ।

क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवस , खाद्यान्न , खानेपानी , स्वास्थ्य तथा सरसफाइ सम्बन्धी ,

ख) विपद्बाट मृत्यू हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्बन्धी ,

ग) महिला , बालबालिका, जेष्ठ नागरिक , अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु ( जस्तै डिग्निटी किट र चिल्ड्रेन किट ) महिलाहरुको लागि सुरक्षित महिलामैत्री स्थल,

घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी ,

ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी ,

च) गैरसरकारी वा व्यक्तगत रुपमा दिइने राहतको वितरण सम्बन्धी ,

छ) एकद्धार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी ,

ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा :**विपद्मा परी हराई फेल गर्न नसकेका तथा आंशिक पूर्ण रुपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण  तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोक बमोजिम हुनेछ ।

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन २०७५

२०. **निर्देशन दिन सक्ने :** समितिले यस ऐनको अधिनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलार्य आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्त वा निकायको कर्तव्य हुनेछ ।

२१. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. **अभिलेख राख्नु प्रर्ने :** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति , निकाय वा संस्थाको नाम , र उपलब्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अधिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला , बालवालिका तथा जेष्ठ नागरिक , विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरुलाई उपलब्ध गराइएको राहत स्पष्टरुपमा राख्नुपर्नेछ ।

२३. **पुरस्कार दिन सक्नेः** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिशमा गाउँ कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन :** (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा , जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

२५. **प्रशासनिक खर्च व्यवस्थापन :** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. **अधिकार प्रत्यायोजनः** यो ऐन तथा ऐन अन्तर्गत बनेको नियंम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार :** गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

**आज्ञाले,**
**जनक बहादुर शाही**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

हिमाली गाउँपालिकाको जोखिम न्युनीकरण गर्न बनेको ऐन २०७५